# पोखरा विश्वविद्यालयको
# महिला छात्रावास वांकी सिटमा भर्ना सम्बन्धि सूचना

**(प्रकाशित मिति २०७६।१०।२२)**

पोखरा विश्वविद्यालयको आगिंक स्कूलमा स्नातक तहमा अध्ययनरत योग्यता पूगेका महिला छात्राहरुबाट छात्रावासको कूल कोटाका लागि यस अघि नै आव्हान गरिसकीएको र हाल आएर तपसिलमा उल्लेखीत समयका लागि केहि सिट खाली हुन गएकोले इच्छुक छात्राहरुलाई पोखरा विश्वविद्यालयको महिला छात्रावासमा तोकिएको शुल्क भुक्तानी गरी बस्नको लागि दरखास्त आहवान गरिएको छ ।

| जम्मा उपलब्ध सिट | चार वर्षका लागि | तिन वर्षका लागि | कैफियत |
|---|---|---|---|
| ५ | ४ | - | |
| | | १ | |

माथि उल्लेखित प्राप्त सिटहरुलाई देहायको आधारमा वितरण गरिने छ ।

१) छात्रावासमा बस्नको लागि विश्वविद्यालयको आंगिक कार्यक्रममा भर्ना प्रकृया अन्तर्गत लिईएको प्रवेश परिक्षामा प्राप्त गरेको स्कोर, जिल्लाका लागि तोकिएको अंक र सार्वजनिक/सरकारी विद्यालयबाट एसएलसी उत्तिर्ण गरेकाकालागि तोकिएको अंक जोडी कुल अंकको आधारमा सूची प्रकाशन गरी वितरण गरिने छ ।

२) मुल्यांकनको अंक तपशिल बमोजिम कायम गरिएको छ ।

क) नेपाल सरकारले तोकेका दुर्गम जिल्लाहरुका लागि अंक ४०

ख) माथि उल्लेखित दुर्गम जिल्ला बाहेकका सुगम जिल्ला (कास्की जिल्ला र सोसंग सिमाना जोडिएका जिल्लाहरु बाहेक) का लागि अंक ३०

ग) कास्की जिल्लासंग सिमाना जोडिएका जिल्ला (लम्जुंग, तनँहू, स्यांगजा, पर्वत, म्याग्दी र मनाङ्ग) का लागि अंक २०

घ) कास्की जिल्ला अन्तर्गतका नगरपालिका तथा उप महानगरपालिका वाहेकका गा.वि.स. का लागि अंक १०

ङ) सार्वजनिक/सरकारी विद्यालयबाट एसएलसी उत्तिर्ण विद्यार्थीका लागि अंक ५

दरखास्त फारमसंग संलग्न गर्नुपर्ने कागजपत्रहरू

१) रकम बुझाएको रसिद

२) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि

३ ) स्वास्थ्य स्थीति सम्बन्धी प्रमाण पत्र

३.१) आवेदकलाई निको नहुने प्रकृतिको सरुवारोग लागेको छ वा छैन भनि स्पस्ट खुलाईएको नेपाल सरकारबाट मान्यता प्राप्त अस्पताल वा चिकित्सकले प्रमाणित गरेको सक्कल सिफारिस पत्र पेश गर्नुपर्नेछ ।

५) विश्वविद्यालयको कार्यक्रममा भर्ना प्रकृया अन्तर्गत लिईएको प्रवेश परिक्षामा प्राप्त गरेको स्कोर (प्रतिशतमा) स्पस्ट खुलेको सम्बन्धित स्कूलले प्रमाणित गरेको सक्कल प्रमाण पत्र पेश गर्नुपर्नेछ ।

६) स्थायी वसोवासका सन्दर्भमा आवेदकले निजको स्थायी वसोवास कुन जिल्लामा हो सो स्पस्ट खुलेको सम्बन्धित गा.वि.स कार्यालय तथा नगरपालिका वडा कार्यालयको सक्कल सिफारिस पेश गर्नुपर्नेछ ।

७) सार्वजनिक/सरकारी विद्यालयबाट एसएलसी उत्तिर्ण विद्यार्थीहरुको सन्दर्भमा निजले अध्ययन गरेको विद्यालय सार्वजनिक/सरकारी विद्यालय हो भनि सम्बन्धीत जिल्लाको जिल्ला शिक्षा कार्यालयले सिफारिस गरेको सक्कल सिफारिस पेश गर्नुपर्नेछ ।

८) पो.वि.अन्तर्गत स्कूल अफ हेल्थ एण्ड एलाइड साइन्समा संचालीत नर्सिङ्ग कार्यक्रम बार्षिक प्रणालीमा संचालन भएको हुँदा उक्त कार्यक्रमको प्रथम, दोस्रो र तेस्रो बर्षमा अध्ययनरत विद्यार्थीले समेत आवेदन दिन सक्नेछन् ।

दरखास्त दस्तुर : रु. ५०० (अक्षेरुपी पाँच सय मात्र) बुझाउनु पर्नेछ ।
दरखास्त फारम वितरण: मिति २०७६।१०।२३
दरखास्त दिने अन्तिम मितिः मिति २०७६।११।०५
दरखास्त फारम पाईने र पेश गर्ने स्थान: केन्द्रिय कार्यालय, पोखरा विश्वविद्यालय ।
नोटः छात्रावासमा बस्ने विद्यार्थीहरुले ओढ्ने ओछ्याउने लत्ता कपडाको व्यवस्था आफैले गर्नुपर्नेछ ।

**महिला छात्रावास सञ्चालक समिति**
**पोखरा विश्वविद्यालय**
**लेखनाथ, कास्की**